# विराटनगर महानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
## मोरंग, विराटनगर
## कोशी प्रदेश नेपाल

## डेस्कटप कम्प्युटर, प्रिन्टर खरिदका लाग दरभोउपत्र आव्हानको
॥ सूचना ॥

प्रथम पटक सूचना प्रकाशित भएको मितिः २०८०/०७/20

१. विराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालयले तोकिएको मापदण्ड अनुसारको डेस्कटप कम्प्युटर, प्रिन्टर खरिद गर्न दरभाउपत्रको माध्यमवाट यो दरभाउपत्र आव्सन गर्दछ।

२. योग्य दरभाउपत्रदाताहरूले यस सम्बन्धी थप जानकारीको लागि वा दरभाउपत्र सम्बन्धी कागजातहरु हेर्न (अध्ययन गर्न) चाहेमा, यस कार्यालयको निम्न ठेगानामा सम्पर्क राख्न सक्नेछन्:।

खरिद कर्ता : विराटनगर महानगरपालिका, मोरङ्ग
स्वास्थ्य महाशाखा, जिन्सी शाखा

३. शिलवन्दी दरभाउपत्र सम्वन्धी कागजात यो सुचना पत्रिकामा प्रकाशित भएको मितिले दरभाउपत्रको हकमा १५ औं दिनसम्म कार्यालय समय भित्र रु.१०००। एकहजार कृषि विकास वैंक विराटनगरमा रहेको यस महानगरपालिकाको आम्दानि खाता न. ०६०१६०११४५९७३११३ मा फिर्ता नहुने गरि जम्मा गरेको सक्कलै भौचर यस कार्यालयमा वूझाए पछि यस कार्यालयवाट दरभाउपत्र फाराम खरिद गर्न सकिने छ।

४. इच्छुक फर्म, कम्पंनी वा सप्लायर्सहरुले दरभाउपत्र खरिद गर्दा आ.व. २०८०।०८१ सम्मको लागि नविकरण गरीएको सम्बन्धित विषयको कारोवार गर्ने इजाजत पत्र वा फर्म दर्ता प्रमाण पत्र, स्थायी लेखा नम्बर, नागरिकताको प्रमाणपत्र र आ.व. २०७९। ०८० सम्मको कर चूक्ता वा म्याद थुप गरेको प्रमाणका प्रतिलिपिहरु, न.पा. व्यवसाय प्रमाणपत्रको प्रतिलिपी , कम्प्युटर र प्रिन्टर विक्रि गर्न इजाजत लिनुपर्ने सरोकारवालाको प्रमाणपत्र निवेदन साथ संलग्न राखि प्रोपाइटर स्वयमं उपस्थित भई वा आधिकारिक मन्जुरनामा सहितको प्रतिनिधि पठाई खरिद गर्न सकिने छ।

५. दरभाउपत्र फाराम पेश गर्दा यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले १६ औं दिन सम्म दिनको १२ बजे भित्र शिलबन्दी खाममा यस कार्यालयलाई सम्बोधन गरी के कामको लागि शिलबन्दी फाराम पेश गर्न लागिएको हो सो कामको विवरण नाम, ठेगाना, फोन नं. समेत खुलाई आधिकारिक व्यक्ति द्धारा सिलबन्दी दरभाउपत्र यस कार्यालयमा दर्ता गराउन सकिने छ। दर्ता हुन आऐको दरभाउपत्र फाराम कार्यालय प्रमुखको दस्तखत तथा यस कार्यालयको छाप लागेको हुनु पर्नेछ।

६. दर्ता भएका फारामहरु दरभाउपत्रको हकमा १६ औं दिनको १ बजे दरभाउपत्रदाता वा निजका प्रतिनिधिहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा यस कार्यालयमा खोलिने छ। दरभाउपत्रदाता वा निजहरुका प्रतिनिधिहरु उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।

७ दरभाउपत्र खरिद गर्ने वा खोल्ने अन्तिम दिन सार्वजनिक बिदा परेमा उक्त कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिन सोही समयमा हुनेछ ।

८ दरभाउपत्र यस कार्यालयको कृषि विकास बैंक मूख्य शाखा कार्यालय विराटनगरमा रहेको धरौटी खाता न. ०६०१६०११४५९७३०३२ मा रु. ४९,०००। (उनानचास हजार) जम्मा गरेको सक्कलै भौचर संलग्न राख्नु पर्नेछ वा मान्यता प्राप्त बैंकवाट ७५ दिनको मान्यता भएको बैंक ग्यारेन्टीको सक्कलै पत्र संलग्न राख्नुपर्नेछ ।

९. दरभाउपत्र पेश गर्दा मुल्य अभिबृद्धि कर बाहेकको दर पेश गर्नु पर्नेछ ।

१०. दरभाउपत्र, आंशिक रुपले स्वीकार गर्ने वा पुर्ण रुपमा स्वीकार गर्ने वा अस्वीकार गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ साथै स्वीकृत भएका सामानहरु कार्यालयको आवश्यक्ता अनुसार घटी वा वढि लिन सक्नेछ ।

११. सम्पुर्ण सामानहरु खरिद आदेश पाएको मितिले ७ सात दिन भित्र विराटनगर महानगरपालिकामा पुर्‍याउनु पर्नेछ ।

१२. कार्यालय सामान दाखिला हुन आउदा ग्यारेन्टी वारेन्टीको कागजातहरु पनि संलग्न हुनुपर्नेछ र दरभाउपत्र संग संलग्न स्पेशिफिकेसन अनुसारको सामानहरु हुनुपर्ने छ ।

१३. यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु कार्यालयबाट उपलब्ध गराईएको दरभाउपत्र कागजात अनुसार र अन्य कुराहरुको हकमा सार्वजनिक खरिद ऐन २०६३ तथा सार्वजनिक खरिद नियमावली २०६४ एवम् प्रचलित ऐन नियमानुसार हुनेछ ।

१४. सो घोषणपत्र समावेश गर्नुपर्नेछ । खरिद कारवाहीमा भाग लिन अयोग्य नभएको स्वार्थ नबाझि र व्यवसाय सम्बन्धी कसूरमा सजाय नपाएको भन्ने लिखित घोषणा गरेको कागजात वोलपत्र साथ अनिवार्य रुपमा संलग्न गर्नुपर्छ ।

१५. रकम भुक्तानी गर्दा १.५ प्रतिशत आयकर, १.५ प्रतिशत न.पा. शूल्क र ५ प्रतिशत धरौटी वापतको रकम प्राप्त हुने विलको रकम वाट कट्टा गरी भूक्तानी गरिनेछ ।

१६ भाचिएका तथा टुटफुट नभएका स्पेशिफिकेसन अनुसारका कम्प्युटर तथा प्रिन्टरहरु यस कार्यालयवाट तोकिएको प्राविधिकले प्रतिवेदन दिए पश्चात कार्यालयको जिन्सी शाखामा सामान वुझाउनुपर्नेछ ।

कामको विवरण

| सि. नं. | खरिदको प्याकेज | खरिदको माध्यम | फाराम दस्तुत | जमानत रकम | सूचना |
|---|---|---|---|---|---|
| १. | कम्प्युटर र प्रिन्टर (स्पेशिफिकेसन अनुसारको) | शिलबन्दी दरभाउपत्र | १०००। | ४९०००। | १५ दिन |